लेखापरीक्षण प्रतिवेदन

पञ्चकन्या गाउँपालिका, नुवाकोट

आर्थिक वर्ष २०८१/८२

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

लेखापरीक्षण प्रतिवेदन

पञ्चकन्या गाउँपालिका, नुवाकोट

आर्थिक वर्ष २०८१/८२

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था

(Be a Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)

गन्तव्य (MISSION)

स्वतन्त्र एवम् गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

(Provide Independent and Quality Audit Service)

मूल्य मान्यता (Core Values)

स्वतन्त्रता	*(Independence)*
निष्ठा	*(Integrity)*
पारदर्शिता	*(Transparency)*
जवाफदेहिता	*(Accountability)*
व्यावसायिकता	*(Professionalism)*

महालेखापरीक्षकको भनाइ

नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८१।८२ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फस्यौंटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फस्यौंट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

(तोयम राया)

२०८३ वैशाख **महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय,बागमती प्रदेश
काठमाडौं

प.सं.:2082/83 मिति : २०८३-१-३०
च.न :APPROVED/FAR/2081-82/LOC/583

श्रीमान् अध्यक्षज्यू,
पञ्चकन्या गाउँपालिका,
गाउँकार्यपालिकाको कार्यालय, नुवाकोट ।

विषय - लेखापरीक्षण प्रतिवेदन सम्बन्धमा ।

लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा (२) बमोजिम त्यस पालिकाको आर्थिक वर्ष २०८१।८२ को लेखापरीक्षण सम्पन्न गरी तयार गरिएको लेखापरीक्षण प्रतिवेदन यसैसाथ संलग्न गरी पठाइएको व्यहोरा जानकारीका लागि अनुरोध छ।

(घनश्याम काफ्ले)
नायब महालेखापरीक्षक

प.सं.:2082/83 मिति : २०८३-१-३०

च.न :APPROVED/FAR/2081-82/LOC/583

श्रीमान् अध्यक्षज्यू,

पञ्चकन्या गाउँपालिका,

गाउँकार्यपालिकाको कार्यालय, नुवाकोट।

विषयः लेखापरीक्षण प्रतिवेदन।

१. कैफियत सहितको रायः

हामीले त्यस गाउँपालिकाको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय संचित कोषको वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौं।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक,पालिकाबाटपेस भएको २०८२ आषाढ मसान्तसम्मको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत एवं वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण, स्थानीय सञ्चित कोषको वार्षिक आर्थिक विवरण त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरूसमावेश भएको स्थानीय तहको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन तथा प्रचलित कानुनबमोजिम सारभूत रूपमा सही र यथार्थ अवस्था चित्रण गर्दछ।

२. कैफियत सहितको राय व्यक्त गर्ने आधारः

२.१. महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्रलेखामानको ढाँचामा वित्तीय विवरण तयार गर्नुपर्नेमा यस पालिकाले तयार गरेको वित्तीय विवरणमाअन्तरसरकारी अख्तियारीको कारोबार समावेश गरेको छैन।

२.२. गाउँपालिकाको आय र व्यय तर्फ रु १ अर्ब ५ करोड ९८ लाख २३ हजारको लेखापरीक्षणबाट रु. ४५ लाख ५१ हजारको बेरुजु देखिएकोमा प्रतिक्रिया प्राप्त नभएकोले नियमित गर्नुपर्ने रु. ४५ लाख ५१ हजार बाँकी रहेको छ। गत वर्षसम्म कायम बेरुजु रु. ८ करोड १९ लाख ३६ हजार मध्ये रु. ४४ लाख ७२ हजार सम्परीक्षण भई यसवर्षको थप रु. ४५ लाख ५१ हजार समेत हालसम्म अद्यावधिक बेरुजु रु. ८ करोड २० लाख १५ हजार बाँकी रहेको छ। बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसैसाथ संलग्न छ।

२.३. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले गाउँपालिकाको पेस्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन। हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका सरकारी लेखापरीक्षण मानदण्ड,मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

३. अन्य बेहोराः

लेखापरीक्षणबाट ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, स्थानीय वित्त व्यवस्थापन,सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, शासकीय प्रवन्ध, स्रोत सुनिश्चितता र बजेट व्यवस्थापन र विकास प्रशासन र सोको कार्यान्वयन, अनुदान वितरण तथा अनुगमन, सेवा प्रवाह, स्थानीय प्रशासन, जवाफदेहिता र सुशासन लगायतका विषयमा सुधार गर्नुपर्ने देखिन्छ।

४. वित्तीय विवरण उपर व्यवस्थापन र लेखा उत्तरदायी अधिकृतको जिम्मेवारीः

नेपाल सार्वजनिक क्षेत्र लेखामानबमोजिम सही र यथार्थ हुने गरी वित्तीय प्रतिवेदन तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय प्रतिवेदन सारभूतरूपमा गलत आँकडारहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी स्थानीय सरकारमा रहेको छ। गाउँकार्यपालिका, अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत गाउँपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

५. वित्तीय विवरणको लेखापरीक्षणउपर लेखापरीक्षकको जिम्मेवारीः

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रूपमा गलत आँकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्य सम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रूपमा गलत आँकडा मानिएको छ।

(घनश्याम काफ्ले)
नायब महालेखापरीक्षक

बेरुजु वर्गीकरण

चालु वर्षको बेरुजु

प्रारम्भिक बेरुजु दफा संख्या सैद्धान्तिक	प्रारम्भिक बेरुजु दफा संख्या लगती	प्रारम्भिक बेरुजु रकम	प्रतिक्रियाबाट सम्परीक्षण दफा संख्या सैद्धान्तिक	प्रतिक्रियाबाट सम्परीक्षण दफा संख्या लगती	प्रतिक्रियाबाट सम्परीक्षण रकम	प्रतिक्रियाबाट थप बेरुजु रकम	बाँकी बेरुजु दफा संख्या सैद्धान्तिक	बाँकी बेरुजु दफा संख्या लगती	बाँकी बेरुजु रकम	बेरुजु असुल गर्नु पर्ने	बेरुजु नियमित गर्नुपर्ने अनियमित भएका	बेरुजु नियमित गर्नुपर्ने प्रमाण कागजात पेश नभएका	बेरुजु नियमित गर्नुपर्ने जिम्मेवारी नसारेको	बेरुजु नियमित गर्नुपर्ने सोधभर्ना नलिएको	बेरुजु नियमित गर्नुपर्ने जम्मा	बेरुजु पेस्की
४१	२	४५,५०,६२७	०	०	०	०	४१	२	४५,५०,६२७	०	४५,५०,६२७	०	०	०	४५,५०,६२७	०

अद्यावधिक बेरुजू स्थिति

जिल्ला	गत वर्ष सम्मको बाँकी	समायोजन	यो वर्ष सम्परीक्षण	बाँकी बेरुजु	यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु	यो वर्षको बेरुजु	कुल बेरुजु बाँकी
नुवाकोट	८,१९,३६,१२१		४४,७१,९५३	७,७४,६४,१६८	०	४५,५०,६२७	८,२०,१४,७९५

बेरुजु सम्परीक्षणको विवरण

क्र.सं	आर्थिक वर्ष	बेरुजुको दफा	बेरुजुको व्यहोरा	सम्परीक्षण भएको रकम
१	२०८०/८१	४७	स्यानिटरी प्याड	७,८००
२	२०८०/८१	८०	सवारी साधन दर्ता नवीकरण	६,६८०
३	२०८०/८१	५२	वस्तुगत टेवा	४,५९,९९९
४	२०८०/८१	६३	प्रधानमन्त्री रोजगार कार्यक्रम	५०,०००

५	२०८०/८१	७८	पुँजीगत बजेटबाट चालु प्रकृतिका खर्च	३,१५,०००
६	२०८०/८१	६८	पारिश्रमिक निर्धारण	१,८१,४७५
७	२०८०/८१	७७	निर्माण व्यवसायीको बिल	३३,६२,४९९
८	२०८०/८१	५४	गहुँ बिउ खरिद अनुदान	१२,०००
९	२०८०/८१	७१	अनुगमनको बैठक भत्ता	७६,५००
जम्मा				४४,७१,९५३

पञ्चकन्या गाउँपालिका, नुवाकोट

(८०३२९५०६३००)

पन्चकन्या गाउँपालिका , नुवाकोट

परिचय

१ **परिचय**

(क) कार्यालय परिचय :- स्थानीय शासन पद्धति सुदृढ गरी विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यास संस्थागत गर्दै स्थानीय सरकार सञ्चालन गर्न यस पालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वय प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ । यस पालिकामा ५ वडा रहेको छ भने क्षेत्रफल ५३.४७ वर्ग किलोमिटर तथा १३८१८ जनसंख्या रहेको छ।

(ख) लेखापरीक्षणको उद्देश्य :- लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८१/८२ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ ।

(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :- यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, वित्तिय व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८१/८२ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८२ ।५।१२ देखि २०८२ ।५।१५ सम्म रहेको छ ।

(घ) लेखापरीक्षण विधि :- लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

(ङ) लेखापरीक्षणको सीमा :- लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

(च) आर्थिक कारोबारको स्थिति :- कार्यालयको आय – व्ययतर्फ रु. १ अर्व ५ करोड ९८ लाख २३ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

(छ) लेखापरीक्षणको क्रममा असुली :- लेखापरीक्षणको क्रममा निम्नानुसारको रु. ५४३१२८।३६ असुल भइ दाखिला प्रमाण पेश भएको छ ।

सि.नं	बिवरण	रकम रु.
१	१ रसिद बाट प्राप्त दहतर बहतर रकम ८१७४३ २ रसिद बाट प्राप्त दहतर बहतर रकम ३३४००० ३ रसिद बाट प्राप्त दहतर बहतर रकम १२००	४१६९४३
२	विद्यालयमा वढी तलव भुक्तानी	९५८४७
३	सामाजिक सुरक्षाको रकम फिर्ता	३०३३८।३६
	जम्मा रु	५४३१२८।३६

लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **वित्तीय विवरण परीक्षण**

२.१ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ४ बमोजिम स्थानीय तहले आफ्नो अधिकार क्षेत्र भित्रका कार्यालयलाई नेपाल सरकार र प्रदेश सरकारबाट प्राप्त भएको अनुदान, राजस्व बाँडफाँट अन्तर्गत प्राप्त रकम, आन्तरिक आय, ऋण तथा अनुदान र व्ययको विवरण देखिने गरी महालेखापरीक्षकले तोकेको ढाँचामा एकीकृत विवरण तयार गरी सम्बन्धित प्रदेश लेखा नियन्त्रक कार्यालय र कोष तथा लेखा नियन्त्रक कार्यालयमा पठाउनुपर्ने व्यवस्था छ । पालिकाले तयार गरेको आर्थिक वर्ष २०८१।८२ को आर्थिक कारोबारको एकीकृत वित्तीय विवरण र स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (SUTRA) बाट तयार भएको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं. २७०) यस दफासँग सम्बन्धित अनुसूचीमा संलग्न गरिएको छ ।

प्राप्ती			भुक्तानी		
विवरण		रकम	विवरण		रकम
सुरु मौज्दात		३८९२००६४।७७	1) चालु खर्च		२३९६९३८२९।३२
१.संचित कोष	२१३४३१९।०८		क. पालिका तर्फ	८४२४६५०४।२९	
२.धरौटी	१३६०८९४३।८५		ख. संघीय सशर्त	१४७४८२९०४।५३	
३.कार्यसञ्चालन कोष			ग. प्रदेश सशर्त	७९६४४२०।५०	
क) प्रकोप व्यवस्थापन	१७३२७७२।५५		२) पुँजीगत खर्च		१३६७८७५३६
ख) विविध कोष खाता	७४४९१६।७९		क. पालिका तर्फ	७४०९७०३०	
ग) विविध खर्च खाता	९९९११२।५०		ख. संघीय सशर्त	२९८७७९२८	
			ग. संघीय समपुरक	८८२७२४१	
यस वर्षको आय			घ. प्रदेश सशर्त	९९८५३४४	
१.आन्तरिक आय		१२६०६२०८।४५	ङ. प्रदेश विशेष	४१२०२०९	
क) राजश्व	७१९०५४३।१९		च. प्रदेश समपुरक	९८७९७८४	
ख) स्थानीय बाँडफाँट	५४१५६६५।२८		३) अन्तर सरकारी अख्तियारी (संघ)		९६३४१९९२।४५
२. वित्तीय हस्तान्तरण (संघ)		३३९७०१७१५।८२	क) सामाजिक सुरक्षा तथा संरक्षण	९४१५०२४०।४५	
क) समानीकरण अनुदान	७१२०५७६०		ख) स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम	११४५०००	
ख) राजस्व बाँडफाँट	५९३७१७४९।०४		ग) विद्यालय शिक्षा क्षेत्र योजना-केन्द्र स्तर	९४२०००	
ग) सशर्त अनुदान	१९९२७३०००		घ) रोजगार प्रवर्द्धन	१०४७५२	
घ) समपुरक अनुदान	९१९४६९		4) धरौटी फिर्ता तथा सदर स्याहा	५३३२८२७	५३३२८२७
ङ) रोयल्टी	६५६५५७।७८		५) कार्यसञ्चालन कोषबाट भएको खर्च		९७४३५१२।८३
३. वित्तीय हस्तान्तरण (प्रदेश)		६५००१५२६।८८	क) विविध खर्च खाता	६७२६८२४।८३	
क) समानीकरण अनुदान	६८६१०००		ख) प्रकोप व्यवस्थापन कोष	३०१६६८८	
ख) राजस्व बाँडफाँट	११९१४५२६।८८				

ग) सशर्त अनुदान	१९७२६०००		६) विभाज्य कोष	२५८५८०१।८६	२५८५८०१।८६
घ) समपुरक अनुदान	२००००००००		७) अनुदान फिर्ता		३६५५५८१७। ९७
ङ) विशेष अनुदान	६५००००००		i. संघ तर्फ		
४. अन्तर सरकारी अख्तियारी (संघ)		९६३४१९९२। ४५	क) सशर्त अनुदान	२१९१२१६७। ४७	
क) सामाजिक सुरक्षा तथा संरक्षण	९४१५०२४०। ४५		ग) समपुरक अनुदान	३६७४०८	
ख) स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम	११४५०००		ii. प्रदेश तर्फ		
ग) विद्यालय शिक्षा क्षेत्र योजना-केन्द्र स्तर	९४२०००		क) सशर्त अनुदान	१७७६२३५।५०	
घ) रोजगार प्रवर्द्धन	१०४७५२		ख) विशेष अनुदान	२३७९७९१	
			ग) समपुरक अनुदान	१०१२०२१६	
७. धरौटी आय	४०६७१२८	४०६७१२८	८) अन्तिम मौज्दात		४४६६०३७६। ९६
८. कार्यसञ्चालन कोष आय		१२४७७२५६। १६	i. संचित कोषको मौज्दात	२६१०६५८६। ९४	
क) विविध कोष खाता	६९३०००		ii. धरौटी	१२३४३२४४। ८५	
ख) विविध खर्च खाता	९१६५०३६। १६		iii. कार्यसञ्चालनकोष		
ग) प्रकोप व्यवस्थापन कोष	२६१९२२०		क) विविध कोष खाता	१४३७९१६।७९	
			ख) विविध खर्च खाता	३४३७३२३।८३	
९. विभाज्य कोष	२५८५८०१। ८६	२५८५८०१।८६	ग) प्रकोप व्यवस्थापन कोष	१३३५३०४।५५	
जम्मा		५७१७०१६९४। ३९	जम्मा		५७१७०१६९४। ३९

(विस्तृत विवरण बेरूजु दफा २.१ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

२.२ खर्च बिश्लेषण-पालिकाले यसवर्ष कुल आन्तरिक आयबाट रु १२६०६२०८।४५ राजस्व बाँडफाँड र अनुदानबाट रु ४०४७०३२४२।७३ समेत रु ४१७३०९४५१।१८ आम्दानी भएकोमा चालु तर्फ रु २३९६९३८२९।३२ र पूँजिगत तर्फ रु १३६७८७५३६।०० समेत रु ३७६४८१३६५।३२ खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा ३.३४ प्रतिशत रहेको छ । यसवर्ष पदाधिकारी सुबिधामा रु ६२३७५६४।०० खर्च भएको छ जुन आन्तरिक आयको ४९.४८ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट चालुखर्च प्रतिशत ५७.४३ र ३२.७७ प्रतिशत पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाले विकास निर्माणमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ ।आन्तरिक आयको श्रोत खोजी प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा विकास निर्माणमा परिचालन गरिनुपर्दछ ।

३ **आन्तरिक नियन्त्रण प्रणाली**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७८ मा आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नुपर्ने व्यवस्था छ। पालिकाले आन्तरिक नियन्त्रण प्रणाली तयार गरेपनि पुर्ण रुपमा लागु गरेको पाइएन । यस सम्बन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल बमोजिम रहेका छन् ।

वजेट व्यवस्थापनतर्फ

- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्र भित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन अद्यावधिक गरेको देखिएन।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम पालिकाले आफ्नो अधिकार क्षेत्रभित्रको विकासका लागि आवधिक योजना बनाई लागु गर्नुपर्नेमा दोश्रो आवधिक योजना तयार गरेको पाइएन ।
- स्थानीय तहले एक आर्थिक वर्ष भित्र भएको कार्यको सुशासन ऐन वमोजिम वार्षिक प्रतिवेदन तयार गरेको पाईएन ।
- अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालिन खर्च संरचना तयार गर्नुपर्नेमा स्थानीय तहले सो बमोजिमको मध्यमकालिन खर्चको संरचना तयार गरेको पाइएन ।
- दिगो विकास लक्ष्य पुरा गर्न वातावरण संरक्षण लगायत आन्तरिकिकरणको लागि एकिकृत दिर्घकालिन योजना तयार गरेको देखिएन ।

खरिद व्यवस्थापन

- सार्वजनिक खरिद ऐन, २०६३ बमोजिम खरिद नियमावली तयार गरेको पाईएन ।
- स्थानीय तहले उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको छैन ।

शिक्षातर्फ

- ·प्रदेश तथा स्थानीय तहमा शसर्त अनुदानमा वित्तीय हस्तान्तरण भएका क्रियाकलाप तथा उपक्रियाकलापसहितको त्रैमासिक तथा वार्षिक भौतिक तथा वित्तीय प्रगति विवरण शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट विकास भएको अनलाइनमा आधारित सफ्टवेयरमा प्रविष्टि गर्ने व्यबस्था भएकोमा सफ्टवेयरमा प्रविष्टि गरेको देखिएन ।
- सामुदायिक विद्यालयका शिक्षकसँग स्थानीय तहले कार्यसम्पादन करार गरी कार्यसम्पादन स्तरलाई वृत्ति विकाससँग आबद्ध गर्ने व्यवस्था भएकोमा कार्यसम्पादन करार गरेको देखिएन ।
- विद्यालय अनुगमन मापदण्ड तयार गरी नियमित अनुगमन गर्ने र अनुगमन प्रतिवेदन सार्वजनिक गर्ने व्यवस्था रहेको देखिएन ।
- शिक्षा नियमावली, २०५९ को परिच्छेद ३ नियम १६ नं. (झ) मा शिक्षक सेवा आयोगबाट नियुक्ति वा बढुवाको लागी सिफारिस भई आएका शिक्षकलाई नियुक्त गर्ने, सामुदायिक तथा सरकारी विद्यालयमा कार्यरत शिक्षकको नोकरी तथा अन्य विवरण अभिलेख अद्याबधिक गरि राख्नुपर्नेमा नियमावलीको व्यवस्था अनुसारका अभिलेखहरु तयार गरेको छैन ।
- शैक्षिक व्यवस्थापन सूचना प्रणाली (IEMIS):- कार्यक्रम कार्यान्वयन पुस्तिका मा IEMIS मा प्रविष्ट तथ्याङ्कलाई सम्बन्धित विद्यालयबाट कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन (भिडान) गराइ शिक्षा अधिकृतबाट प्रमाणित गरी सोका आधारमा विद्यालयहरुलाई अनुदान निकासा दिनुपर्ने कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन गर्ने व्यवस्था कार्यान्वयन भए नभएको ।

विविध तर्फ

- कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरि निराकरणको प्रयास गरेको अभिलेख राखेको छैन ।
- मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस स्थानीय तह तथा स्थानीय तहमा समाहित भएका साविक गाउँविकास समितिको नाममा रहेको कोष, पेश्की

तथा बेरुजु अभिलेख समायोजन भएको स्थानीय तहमा कायमगरी नियमानुसार पेश्की फछ्र्योट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा गरेको छैन ।

तसर्थ, आन्तरिक नियन्त्रण प्रणाली कार्यान्वियन गरी पालिकाको कार्य सञ्चालन तथा व्यवस्थापनलाई प्रभावकारी वनाउनुपर्दछ

४ **संगठन तथा कर्मचारी व्यवस्थापन**

४.१ प्रशासकीय संगठन र जनशक्ति व्यवस्थापन - स्थानीय-सेवा-(गठन-तथा-सञ्चालन)-ऐन,-२०७९को दफा ७ वमोजिम स्थानिय तहको संगठन संरचना र दरवन्दी स्विकृत भएपछी सम्वन्धित स्थानिय तहले संगठन संरचना स्विकृत गर्ने वा पद सृजना गर्ने निर्णय भएको एक महिना भित्र र ऐन प्रारम्भ हुदाका वखत स्थानिय तहमा रहेका स्थायी कर्मचारीको दरवन्दीको विवरण यो ऐन प्रारम्भ भएको मितिले ३ महिना भित्र प्रदेश कितावखानामा पद दर्ता गर्नुपर्ने उल्लेख छ पालिकाले ऐनको ब्यबस्था वमोजिम नयाँ संगठन संरचना र दरवन्दी स्विकृत गरी निर्णय भएको एक महिना भित्र प्रदेश कितावखानामा पद दर्ता गरेको नदेखिए को साथै ऐन प्रारम्भ हुदाका वखत स्थानिय तहमा रहेका स्थायी कर्मचारीको दरवन्दीको विवरण यो ऐन प्रारम्भ भएको मितिले ३ महिना भित्र प्रदेश कितावखानामा पद दर्ता गरेको पनि देखिएन । पालिकाले उपलब्ध गराएको विबरण अनुसार ऐन प्रारम्भ हुदाका वखत स्थानिय तहमा रहेका स्थायी कर्मचारीको दरवन्दीको विवरण निम्नअनुसार छन

सिनं	पद	स्वीकृतदरवन्दि	पदपुर्ति	रिक्त	रिक्तमध्ये करार पदपुर्ति	कार्यक्रम करार
१	प्रमुखप्रशासकीय अधिकृत	१	१	०	०	
२	अधिकृत आठौं	१	१	०	०	
३	अधिकृतसातौ	२	१	१	१	०
	अधिकृत छैठौ	५	५	०	०	४
४	सहायकपाचौं	२४	२०	४	४	११
५	सहायक चौथो	१४	१	१३	१३	८
		४७	२९	१८	१८	२३
	श्रेणी विहिन		१	०	३१	

.

· ऐनको ब्यबस्था वमोजिम ऐन प्रारम्भ हुदाका वखत स्थानिय तहमा रहेका स्थायी कर्मचारीको दरवन्दीको विवरण यो ऐन प्रारम्भ भएको मितिले ३ महिना भित्र र नयाँ संगठन संरचना र दरवन्दी स्विकृत गरी निर्णय भएको एक महिना भित्र प्रदेश कितावखानामा पद दर्ता गरिनुपर्दछ ।

४.२ करार कर्मचारी -स्थानीय-सेवा-(गठन-तथा-सञ्चालन)-ऐन,-२०७९ को दफा १६ मा स्थानिय सेवाका कर्मचारीले गर्नुपर्ने कामको लागी कुनैपनि ब्यक्तिलाइ ज्यालादारी तथा करारमा नियुक्ति गर्न नपाइने उल्लेख छ तर सोहि ऐनको दफा ९ को उपदफा १४ मा सहायक चौथो र पाँचौ तहको पदवाट सम्पादन गरिने कार्य मध्येको कम्प्युटर अपरेटर, सवारीचालक, कार्यालय सहयोगीर चौकिदारको पदवाट सम्पादन हुने कामको लागी दरवन्दि भित्र रहि ब्यक्तिसंग करार गरी सेवा करारमा र प्लम्बर, इलेक्ट्रिसियन र यस्तै काम गर्ने अन्य पदका दरवन्दि भित्र नपर्ने पदमा संस्था गरार गरी सेवा करारवाट सम्पादन गराउन सकिने उल्लेख छ ।यो वर्ष पालिकाले स्वीकृत स्थायी दरवन्दीमा देहाय वमोजिम संख्यामा विगतदेखी नै कार्यरत कर्मचारीको करारको म्याद थप गर्दै कार्य लगाइ यस वर्ष रू. ७९ लाख ६२ हजार पारिश्रमिक भुक्तानी गरेकोदेखिएकोले यस्तो खर्च नियन्त्रण गरिनुपर्दछ ।

पद	करारमा कार्यरत कर्मचारी संख्या	मासिक तलव	वार्षिक तलव भत्ता रु.
अधिकृत सातौ	१	४५८५१	५९६०६३।००
सहायक पाचौ	४	३४७३०	१८०५९६०।००
सहायक चौथो	१३	३२९०२	५५६०४३८।००
जम्मा			७९६२४६१।००

४.३ तलवी प्रतिवेदनः- बागमती प्रदेश सरकारको स्थानीय सेवा गठन तथा सञ्चालन ऐन, २०७९ को दफा ६९(५) अनुसार प्रदेश किताबखाना वा प्रदेश लेखा नियन्त्रक कार्यालय वा इकाइ कार्यालबाट तलबी प्रतिवेदन पारित नगराई तलब भुक्तानी गर्न नहुने व्यवस्था छ । पालिकाले यो वर्ष तलवी प्रतिवेदन पारित नगराई सङ्घीय सरकारबाट हस्तान्तरित चालु अन्तर्गत स्वास्थ्य तर्फ रू ७१४७२४४।०० पालिका तर्फ रू १००५९३७४ ।०० समेत रू १७२०६६१८।०० खर्च लेखेको छ।ऐनको ब्यबस्था वमोजिम तलबी प्रतिवेदन पारित गराएर तलब भत्ता भुक्तानी गर्नुपर्दछ ।

५ **बजेट तथा कार्यक्रम**

५.१ **बजेट सीमा निर्धारण र तर्जुमा समिति** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु वैशाख महिनाको १० गतेभित्र सम्पन्न गरिसक्नुपर्ने र प्रमुख प्रशासकिय अधिकृतले आगामी आर्थिक वर्षको बजेट सीमा वैशाख १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले वजेट सिमा निर्धारण समितिको समितिको मिति २०८१।३।६ वैठकवाट सिमा निर्धारण भएकोमा प्रमुख प्रशासकीय अधिकृतबाट विषयगत शाखा तथा वडालाई सोको जानकारी दिएको भएपनि ऐनमा व्यवस्था भएअनुसार वमोजिम तोकीएको समय वजेटको सिमा निर्धारण नभएकोले तोकिएको समायमै सिमा निर्धारण गरि यथार्थ वजेट निर्माणमा पालिकाको सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ ।

५.२ **बजेट पेश, पारित र अख्तियारी** - स्थानीयतह सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका अध्यक्षले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस पालिकाको उपाध्यक्षले मिति २०८१।३।१० मा रु ४६ करोड ३६ लाख ३८ हजारको बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट मिति २०८१।३।१० पारित गरी मिति २०८१।३।१६ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । अख्तियारी वमोजिम तोकिएको समयमा कार्य कार्यक्रम कार्यान्वियन गर्नुपर्दछ ।

५.३

योजना तथा वजेट कार्यान्वियन – पालिकाको योजना तथा बजेट सम्वन्धमा देखिएका प्रमुख व्यहोराहरु निम्नानुसार रहेका छन:

- ·**त्रैमासिक खर्च अवस्था-** आर्थिक वर्षको अन्त्यमा अत्याधिक पुँजीगत खर्च गर्ने प्रवृत्ति यो वर्ष पनि कायमै रहेको देखियो । कुल पुँजीगत खर्च रु १३.करोड ६७लाख ८८ हजार भएकोमा प्रथम त्रैमासिकमा १ लाख ६५ हजार, दोश्रो त्रैमासिकमा ८७ लाख २५ हजार, तेश्रो चौमासिकमा २ करोड ५५ लाख २३ हजार, चौथो त्रैमासिकमा१० करोड २३ लाख ७५ हजार र आषाढ

महिनामा ७ करोड ७२लाख ४० हजारदेखिन्छ। चौथो त्रैमासिकखर्च ७४.८४ प्रतिशत र आषाढ महिनाको खर्च५६.४६ प्रतिशत रहेकोले वर्षान्तमा खर्च दर उच्च रहेको छ ।त्रैमासिक विनियोजन वमोजिम वजेट खर्च गरिनुपर्दछ ।

- रकमान्तर-स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७९ मा कार्यपालिकाले स्वीकृत वार्षिक वजेटको अधिनमा रहि कुनै शिर्षकवाट पुजिगत शिर्षकमा पच्चिस प्रतिशत नवढाइ रकमान्तर गर्न सक्ने उल्लेख छ ।त्यस्तै, गाउँपालिकाको विनियोजन ऐन २०८१ ले चालु र पुजिगत खर्च शिर्षकमा ४६ करोड ३६ लाख ३८ हजार वजेट स्विकृत गरेको मध्ये आन्तरीक श्रोत र निशर्त वित्तिय हस्तान्तरणमा रु २० करोड ८ लाख २२ हजार विनियोजन गरेको छ ।तर पालिकाले आन्तरीक श्रोत र निशर्त वित्तिय हस्तान्तरणमा ११६ वटा कार्यक्रम/योजना लाइ घटाइ १६५ वटा नयाँ कार्यक्रम/ थप गरी रु. ३,१६,०८,३८४.०० रकमान्तर गरेको छ । वजेट तथा कार्यक्रम स्वीकृत भैसकेपछि सो कार्यन्वायन हुन नसक्ने आधार वेगर आर्थिक वर्षको विचमा कार्यक्रम/ योजना संसोधन गरी रकमान्तर गर्नु उचित देखिएन ।

५.४ **योजनाको प्राथमिकीरण** - स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ । स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकिकरणका आधारहरू गरिवी निवारण, उत्पानदमुलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दीगो र वातावरणीय संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना प्राथमिकताआधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ। तर पालिकाले आर्थिक वर्ष २०८१।८२ मा निम्नानुसार ५ वडाको लागि वडागत र पालिकास्तरका कुल २८२ योजनामा वजेट विनियोजन गरेको छ।

क्र. सं.	कार्यक्रमको नाम	योजना सङ्ख्या	रु.२० लाख माथिका योजना सङ्ख्या	रु.५ लाखदेखि २० लाख सम्मका योजना सङ्ख्या	रु.५लाखभन्दा कमका योजना सङ्ख्या
१.	पालिकास्तरीय	१५८	७	७	१४४
२	वडास्तरीय	१२४	0	१	१२३

उपर्युक्त विवरण अनुसार पालिकाले साना र वितरणमुखी योजनाहरु सञ्चालन गरेको देखिन्छ । जसले गर्दा सञ्चालित योजनावाट प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृति खर्चमा बृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ ।तसर्थ पालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथिमिकीकरण र छनौट गरी सोको प्रभावकारी कार्यान्वियन गर्नुपर्दछ ।

५.५ **दायित्व सृजना र भुक्तानी** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा ९(घ) मा बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्वमध्ये आगामी वर्ष भुक्तानी गर्नुपर्ने बाँकी रकम समावेस गरेर बजेट बनाउने व्यवस्था छ।त्यस्तै आर्थिक-कार्यविधि-तथा-वित्तीय-उत्तरदायित्व-नियमावली-२०७७ को नियम ३९ को उपनियम १३ वमोजिम चालू वर्षको बजेटले नखामेको खर्च व्यहोर्नु पर्ने उचित आधार र पर्याप्त कारण भएमा सम्बन्धित कार्यालयले संलग्न बिल, भरपाई बमोजिमको रकम आगामी वर्षमा भुक्तानी दिने गरी भुक्तानीदिन बाँकीको विवरण तयार गरी प्रमाणित गराई राख्नु पर्ने र नियम ३९ को उपनियम (१५) वमोजिम दायित्व सिर्जना भई भुक्तानी दिन बाँकीको प्रमाणित विवरणमा समावेश भएको खर्च भुक्तानी दिन बाँकी रहेमा चालू आर्थिक वर्षको सम्बन्धित बजेट रकमबाट भुक्तानी दिन पुग्ने देखिएमा स्वीकृत वार्षिक कार्यक्रममा समावेश गरी भुक्तानी दिन सक्ने ब्यबस्था छ। पालिकाले नियमित तथा चालु प्रकृतिका खर्च रु १८४८१५।०० र पुजिगत रु ८१२४६२० गरी गत वर्षको भुक्तानी दिन बाँकी दायित्व रु ८३०९४३५।८७ देखिएकोमा चालु तर्फको दायित्व बजेटमा समावेश गरी भुक्तानी दिएको छ।पुजिगत तर्फको श्रोत ब्यबस्थापनका कारणले भुक्तानी हुन सकेको छैन । ऐनको प्रावधान अनुरुप बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्वमात्र भुक्तानी दिने गरी बजेट निर्माण गर्नुपर्नेमा चालु प्रकृतिको दायित्वमा राखि भुक्तानी दिन मिल्ने देखिएन ।

६ अनुदान वितरण, उपयोग

६.१ **समानीकरण अनुदान रकमको उपयोग-** अन्तरसरकारी वित्त व्यवस्थापन ऐन २०७४ को दफा २८ मा कानुन वमोजिम प्राप्त भएको अनुदानको रकम जुन प्रयोजनको लागी प्राप्त भएको हो सोहि प्रयोजन लागी प्रयोग गर्नुपर्ने उल्लेख छ ।त्यस्तै राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोगले जारी गरेको मार्गदर्शनको बुदा च (१२ र १४) मा अन्तरसरकारी वित्त व्यवस्थापन ऐन २०७४ को दफा २१(४)मा प्रदेश तथा स्थानीय तहले आफुले उठाएको राजश्व र उक्त ऐन बमोजिम राजश्व बाँडफाँडवाट प्राप्त हुने रकमबाट प्रशासनिक खर्च पुग्ने गरी राजश्व र व्ययको अनुमान पेश गर्नुपर्ने ब्यबस्था रहेको हुदा प्रदेश तथा स्थानीय सरकारहरुले प्रशासनिक खर्च [पारिश्रमिक / सुविधा, मालसामान तथा सेवाको उपयोग अनुगमन तथा मूल्याङ्कन खर्च भ्रमण खर्च, विशिष्ट व्यक्ति तथा प्रतिनिधिमण्डलको अध्ययन तथा भ्रमण खर्च, विविध खर्च, सभा सञ्चालन खर्च, निवृत्तिभरण तथा अशक्तवृत्ति, उपदान, सेवा निवृत्तको सञ्चित विदा, सेवा निवृत्तको औषधि उपचार, जग्गा / घर / सवारी साधन / मेशिनरी औजारको भाडा, राजस्व, न्यायिक तथा अन्य फिर्ता भैपरी आउने चालु खर्च] जस्ता शीर्षक वा विषयमा वित्तीय समानीकरणको अनुदानबाट प्राप्त रकमको प्रयोग गर्न नहुने र आर्थिक वर्षको अन्त्यमा फ्रिज भएको वित्तीय समानीकरण अनुदानको रकम अर्को आर्थिक वर्षमा खर्च गर्दा जुन प्रयोजनको लागी विनियोजन भएको हो सोहि प्रयोजनमा मात्र खर्च गर्नुपर्ने र यस्तो रकम आन्तरिक आयको रुपमा गणना गरी चालु प्रकृतिका शीर्षकमा खर्च गर्न नपाईने उल्लेख छ । पालिकाको यस बर्षको श्रोतगत खर्चको फाँटवारीमा मार्गदर्शन विपरित देहाय चालु प्रकृतिका खर्च शीर्षकमा विनियोजन गरी ७१३४८२०।०५ .खर्च गरेको देखिएको छ । ऐनमा उल्लेखित ब्यबस्था र आयोगको मार्गदर्शन विपरित पालिकाले वजेट विनियोजन गरी खर्च गरेको देखिएकोले वजेट विनियोजन तथा खर्च गर्दा उक्त कानुनी ब्यबस्थाको पालना गरिनुपर्दछ ।

खर्च संकेत नं.	खर्च शीर्षक	अन्तिम बजेट	वजेट खर्च
नेपाल सरकार - समानिकरण अनुदान : नेपाल सरकार - नगद अनुदान			
२१११११	पारिश्रमिक कर्मचारी	१६,५०,०००.००	१५,२३,५००.००
२११२१	पोशाक	८०,०००.००	८०,०००.००
२११३४	कर्मचारीको बैठक भत्ता	५,००,०००.००	१,९०,१३०.००
२११४१	पदाधिकारी बैठक भत्ता	३५,०००.००	३५,०००.००
२२१११	पानी तथा बिजुली	४०,०००.००	३७,९३९.०२
२२२२१	मेशिनरी तथा औजार मर्मत सम्भार तथा सञ्चालन खर्च	२,००,०००.००	१,८१,७०४.००
२२३११	मसलन्द तथा कार्यालय सामाग्री	६०,०००.००	५८,८०४.००
२२४१३	करार सेवा शुल्क	३८,६४,०००.००	३६,८६,२४३.०३
बागमती प्रदेश - समानिकरण अनुदान : बागमती प्रदेश - नगद अनुदान			
२११११	पारिश्रमिक कर्मचारी	३,००,०००.००	३,००,०००.००
२११२१	पोशाक	५०,०००.००	५०,०००.००
२२४१३	करार सेवा शुल्क	११,८१,०००.००	९,९१,५००.०
जम्मा			७१३४८२०।०५

६.२ **सवारी साधन कर वाडफाड -** अन्तरसरकारी वित्त व्यवस्थापन ऐन २०७४ को दफा २८ मा कानुन वमोजिम प्राप्त भएको अनुदानको रकम जुन प्रयोजनको लागी प्राप्त भएको हो सोहि प्रयोजन लागी प्रयोग गर्नुपर्ने उल्लेख छ ।त्यस्तै राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोगले जारी गरेको सवारीसाधन कर मार्गदर्शनको वुदा ५ मा सवारी साधन कर वाडफाडको रकम उपयोग गर्दा सो रकमबाट स्थानिय सडकको मर्मतसम्भार तथा सडक सुरक्षा ब्यबस्थापन, वसपार्क, यात्रु प्रतिक्षालय तथा सार्वजनिक शौचालय निर्माण लगायतका पुर्वाधारमा वजेट विनियोजन गरी खर्च गर्नुपर्ने उल्लेख गरेको छ ।यस बर्ष पालिकामा प्राप्त भएको सवारी साधन कर वाडफाड रकम रु

११९१४५२६।८८ मध्ये यस बर्षको श्रोतगत खर्चको फाँटवारीमा तोकेको क्षेत्रमा खर्च नगरी कार्यालयको नियमित प्रकृतिका चालु खर्च शिर्षकमा विनियोजन गरि रु २९५४९४४।८० खर्च गरेको देखिएको छ । ऐनमा उल्लेखित ब्यबस्था र आयोगको मार्गदर्शन विपरित पालिकाले वजेट विनियोजन गरी खर्च गरेको देखिएकोले वजेट विनियोजन तथा खर्च गर्दा उक्त कानुनी ब्यबस्थाको पालना गरिनुपर्दछ ।

वाँडफाडवाट प्राप्त रकम	खर्च संकेत	खर्च शिर्षक	वजेट रकम	खर्च रकम
११९१४५२६।८८	२११११	पारिश्रमिक कर्मचारी	९,४४,०००.००	८,९६,५९१.८०
	२१११२	पारिश्रमिक पदाधिकारी	५,००,०००.००	५,००,०००.००
	२११३२	महंगी भत्ता	२,००,०००.००	१,१४,४१२.००
	२११३९	अन्य भत्ता	१०,००,०००.००	९,५५,०००.००
	२११४१	पदाधिकारी बैठक भत्ता	२,००,०००.००	२,००,०००.०
	२२२११	इन्धन (पदाधिकारी)	६,००,०००.००	२,८८,९४१.००
जम्मा				२९५४९४४।८०

७ **सम्पत्ति उपयोग र संरक्षण**

७.१ **सम्पत्तिको उपयोग र संरक्षण** – आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ९४ मा कुनै कर्मचारीको जिम्मामा रहेको सरकारी सम्पत्तिको हिनमिना नहुने गरी लगत श्रेस्ता सहित त्यस्को संरक्षण गर्ने कर्तब्य त्यस्तो जिम्मा लिने कर्मचारी र सम्वन्धित कार्यालय प्रमुखको हुने ब्यबस्था छ । सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली PAMS वमोजिम पालिकाको यस आर्थिक वर्षमा घर जग्गा तथा देहाय प्रमुख सम्पत्ति देखिएकोमा सार्वजनिक सम्पत्तिको उपयोग तथा संरक्षणमा अवस्था देखिएको व्यहोरा निम्न छ ।

सम्पत्ति	**संख्या**	**खरिद/प्राप्ति मूल्य**	**कैफियत**
घर जग्गा क्षेत्रफल र संख्या सहित	८-३-०-०३		सवै जग्गा अभिलेखमा नआएको
सवारी साधन दुइ पाङग्रे	३६		१ पाम्समा अभिलेख नभएको
सवारी साधन चार पाङग्रे	२	७६००००००।००	
एम्वुलेन्स	२	२३१७६२४।००	

- **इन्धनको अभिलेख** – पालिकाले यस बर्ष इन्धन (पदाधिकारी) रु. ७,८३,५६४.०० र इन्धन (कार्यालय प्रयोजन)मा रु. ९,३७,७३५.०० रु. १७२१२९९।०० खर्च लेखेको छ । सवारी इन्धन खर्च लेख्दा सम्वन्धित सवारी साधनमा खपत भएको इन्धनको खर्चको अभिलेख PAMS राखिएको नदेखिएकोले इन्धन खर्चको अभिलेख PAMS मा राखिनुपर्दछ ।
- जिन्सी निरीक्षण -आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र मर्मत गर्नुपर्ने तथा लिलाम गर्नुपर्ने सामान नियम १०६ बमोजिम लिलाम गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष मिति २०८२।४।२९ जिन्सी निरीक्षण गराई प्रतिवेदन तयार गरेकोमा जिन्सी निरिक्षण पश्चात प्रतिवेदनमा उल्लेखित लिलाम गर्नुपर्ने सवारी साधन लगायत सामान कानून बमोजिम लिलाम गरेको देखिएन ।

७.२ सार्वजनिक सम्पत्ति, जगाको संरक्षण - स्थानीय सरकार सन्चालन ऐन २०७४ को दफा ९७ मा पालिकाले आफ्नो क्षेत्रभित्रको सरकारी, सामुदायिक तथा सार्वजनिक सम्पत्ति, अन्य सार्बजनिक सम्पत्ति, सार्वजनिक प्रयोग स्थल, जग्गा वा अन्य संरचनाको

अद्यावधिक अभिलेख राखि त्यस्ता सम्पत्तिको रेखदेख, मर्मत सम्भार तथा अन्य प्रबन्ध गर्नुपर्ने व्यवस्था छ ।पालिकाले मालपोत कार्यालयवाट जग्गा प्रशासन निर्देशिका, २०५८ को बुँदा नं. ४१४ वमोजिम सरकारी र सार्वजनिक जग्गा अनुसूची १९ र २० बमोजिमको ढाँचामा दर्ता रहेका सरकारी तथा सार्वजनिक जग्गाको अभिलेख लिई सो को आधारमा सार्वजनिक संरचना समेतको अद्यावधिक अभिलेख राखेको र त्यस्ता सम्पत्तिको अनुगमन गरेको देखिएन। जस्ले गर्दा सार्वजनिक,पर्ति जग्गाले ओगटेको क्षेत्रफल पुरै सावुद रहे, नरहेको र त्यस्ता सार्बजनिक तथा सामुदायिक सम्पत्ति बेचबिखन गर्न वा अरु कुनै व्यहोराले हक हस्तान्तरण वा लिजमा दिए, नदिएको सम्बन्धमा एकिन गर्न सकिएन।पालिकाले कानून बमोजिम मालपोत कार्यालयबाट सरकारी सार्वजनिक जग्गाको अभिलेख लिइ सो को आधारमा सरकारी/सार्वजनिक जग्गाको एकीकृत अभिलेख राखी सार्बजनिक जग्गा तथा सम्पत्तिको संरक्षण गरीनुपर्दछ ।

८ कानून निर्माण एवं कार्यान्वयन

८.१ **कानून र सञ्चालन स्थिति** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । यस पालिकाले हालसम्म ४ वटा ऐन, ५ वटा नियमावली, ४१ कार्यविधि र ६ निर्देशिका गरी ५६ वटा कानुन निर्माण गरी कार्यान्वयनमा ल्याएको छ । कार्यसम्पादन र नतिजा प्राप्तिका लागि आवश्यक पर्ने, आफ्नो अधिकार क्षेत्रभित्रको आवश्यक कानून बनाई पालिकाको कार्यप्रकृयालाई व्यवस्थित गरिनुपर्दछ ।

८.२ **न्यायिक समिति** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गत बर्षको बाँकी ६ यस वर्ष ३० उजुरी परेकोमा २६ वटा फस्र्यौट भइ १० वटा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी रहेको छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फस्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।

९ सहकारी नियमन

सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार सहकारी संस्थाहरुले प्रत्येक बर्ष मासिक, चौमासिक, वार्षिक प्रतिवेदन तथा लेखापरीक्षण प्रतिवेदन, खुद वचत सम्वन्धि निति र योजना लगायत अधिकार प्राप्त अधिकारी समक्ष बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४) र सहकारी संस्थाहरुको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गर्नु पर्ने व्यवस्था छ। पालिकाले उपलव्ध गराएको विवरणअनुसार पालिका भित्र४४ वटा सहकारी संस्थाहरु दर्ता भएका मध्ये ३७ वटा एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दर्ता भएका देखिएको छ ।जसमध्ये कृषि सहकारी ३३ वचत तथा ऋण सहकारी १ वहुउदेश्यीय ५ र उत्पादन ४ र उपभोक्ता सहकारी १ गरी ४४ वटा सहकारीरहेका छन । पालिका भित्रका सहकारी संस्थाहरुले एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) बाट विवरण दाखिला गरेको पाइएन । जसले गर्दा सहकारीको सञ्चालन अवस्था बारे अध्ययन गर्न सकिएन । तसर्थ ऐन, नियमावली र निर्देशिका अनुसार प्रणालीमा विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नु पर्दछ

१० शिक्षक दरवन्दी र पदपूर्ति

शिक्षा नियमावली, २०५९ को नियम ९२ मा मन्त्रालयबाट स्वीकृत दरबन्दीको आधारमा सामुदायिकविद्यालयमा रहने शिक्षक दरवन्दी अनुसूची - १२ मा उल्लेख भए बमोजिम हुने र विशेष शिक्षा दिने सामुदायिक विद्यालयको शिक्षक दरबन्दी मन्त्रालयले तोके बमोजिम हुने उल्लेख छ । त्यस्तै शिक्षक सेवा आयोग नियमावली, २०५७ को नियम ८ मा प्रत्येक जिल्ला शिक्षा समन्वय कार्यालयले जिल्ला भित्रका सामुदायिक विद्यालयमा रहेका स्वीकृत रिक्त दरवन्दीको विबरण प्रत्येक ६ महिनामा शिक्षा बिकास तथा मानव श्रोत केन्द्रमा पठाउनुपर्ने र शिक्षा बिकास तथा मानव श्रोत केन्द्रले पनि पदपुर्तिको लागी २ महिना भित्र आयोगमा लेखि पठाउनु पर्ने उल्लेख छ । पालिकाले पेश गरेको विबरण अनुसार आधारभुत र माध्यमिक गरी १११स्वीकृत शिक्षक दरवन्दी रहेकोमा १०१ जना पदपुर्ति भई १० दरवन्दी रिक्त

रहेको छ। पदपुर्तिको लागी दरवन्दीको विबरण पठाएको नदेखिएकोले शिक्षक सेवा आयोग नियमावली वमोजिम रिक्त पद पदपुर्ति गरिनुपर्दछ ।

सं.	विद्यालयको संख्या	स्विकृत दरवन्दी आधारभुत तह १ देखि ५	स्विकृत दरवन्दी आधारभुत तह ५ देखि ८	स्विकृत दरवन्दी माध्यामिकतह ९ देखि १०	स्विकृत दरवन्दी माध्यामिकतह ११देखि १२	जम्मा स्विकृत दरवन्दी	स्थायी पदपूर्ति	शिक्षण अनुदान कोटा राहतमा कार्यरत	संघिय शसर्त अनुदान र अन्य प्रकृतिका शिक्षण अनुदान	पालिका अनुदान	जम्मा करारमा कार्यरत
१	३०	८६	१३	६	६	१११	१०१	२६	७३	८	११७

११ विद्यालय समायोजन तथा शिक्षक विद्यार्थी अनुपात

विद्यालय समायोजन तथा शिक्षक विद्यार्थी अनुपात --शिक्षा नियमावली २०५९ को नियम ४ अनुसुची ३ (ठ) मा सामुदायिक विद्यालयमा प्रत्येक कक्षामा सामान्यतया उपत्यका तथा तराइ क्षेत्रमा ५०, पहाडी क्षेत्रमा ४५ र हिमाली क्षेत्रमा ४० विद्यार्थी हुनुपर्नेउल्लेख छ। नियमावलीमा भएको उल्लेखित ब्यबस्थाले यस पहाडी जिल्लाका सामुदायिक विद्यालयका प्रतिकक्षा सामान्यतया औषतमा ४५ विद्यार्थी गणनाले गर्दा प्रति आधारभुत विद्यालय (कक्षा १-५) भएको विद्यालयमा २२५ जना, (कक्षा ६-८) सम्म भएको विद्यालयमा ३६० जना, माध्यामिक (कक्षा ९-१०) मा ४५० जना प्रति विद्यार्थी हुनुपर्ने देखिएको छ । त्यस्तै शिक्षा नियमावली, २०५९ को नियम ७७ मा सामुदायिक विद्यालयमा शिक्षक/विद्यार्थी अनुपात हिमालमा ४०, पहाडमा ४५ र उपत्यका तथा तराईमा ५० हुनुपर्ने उल्लेख छ। पालिकावाट प्राप्त विवरण अनुसार सामुदायिक विद्यालयको प्रति विद्यालय - विद्यार्थी संख्या र शिक्षक/विद्यार्थी अनुपात देहाय वमोजिम देखिएको छ ।

क्र.सं.	विद्यालयको नाम	विद्यालयको तह	नियमावली वमोजिम प्रति विद्यालयमा हुनुपर्ने विद्यार्थि संख्या	विद्यालयको विद्यार्थी संख्या	विद्यार्थी प्रतिशत	कुल शिक्षक संख्या	शिक्षक विद्यार्थी अनुपात
1	आँपचौर आ. वि	१-५	२२५	७१	३१.५५	४	१८
2	बच्छला मा. वि.	१-१०	४५०	१०२	२२.६६	१४	७
3	वनदेवी आ. वि	१-५	२२५	२४	१०.६६	४	६
4	भेडाबारी मा. वि.	१-१०	४५०	४६	१०.२२	१३	४
5	भुमेस्थान आ. वि	१-३	१३५	६	४.४४	१	६
6	ब्रह्मेश्वर वेद विद्याश्रम मा. वि.	६-१०	१८०	४९	२७.२२	२	२५
7	देवकी धरम आ. वि	१-८	३६०	३७	१०.२७	७	५
8	दुप्चेश्वर आ. वि	१-३	१३५	०	०	०	
9	गम्बो डाँडा आ. वि	१-७	३१५	५१	१६.१९	६	९
10	इन्द्रायणी मा. वि.	१-१०	४५०	३१९	७०.८८	२२	१५
11	कालिका मा. वि.	१-१०	४५०	१८५	४१.११	१५	१२
12	कमरदेवी आ. वि	१-१	४५	१६	३५.५५	१	१६
13	क्षेत्रपाल आ. वि	१-३	१३५	२०	१४.८१	२	१०
14	कुण्डला मा. वि.	१-१०	४५०	११४	२५.३३	१७	७
15	मजुवा आ. वि	१-३	१३५	२८	२०.७४	३	९
16	मंगलादेवी आ. वि	१-३	१३५	२७	२०	३	९
17	मंगलादेवी मा. वि.	१-१०	४५०	१२६	२८	१४	९
18	नामरुन देवी आ. वि.	१-३	१३५	१५	११.११	२	८
19	नवज्योती आ. वि	१-३	१३५	४	२.९६	१	४
20	नवविहानी बा.वि.के.	बाल कक्षा	४५	१६	३५.५५	१	१६
21	नवसञ्जिवनी मा. वि.	१-१०	४५०	३४०	७५.५५	१५	२३
22	पञ्चकन्या मा. वि.	१-१०	४५०	१८१	४०.२२	१५	१२
23	राष्ट्रिय मा. वि.	१-१०	४५०	२९१	६४.६६	१५	१९
24	सप्तकन्या आ. वि	१-६	२७०	८२	३०.३७	७	२२
25	शान्ति विद्या आ. वि	१-५	२२५	४१	१८.२२	४	१०
26	सिंह देवी आ. वि	१-५	२२५	९	४	३	३
27	सुन्दर कन्या आ. वि	१-३	१३५	१४	१०.३७	२	७
28	सुन्दरा आ. वि	१-५	२२५	१५	६.६६	५	३

29	सुन्दरा देवी आ. वि	१-५	२२५	२१	९.३३	३	७
30	उदय जालपादेवी मा. वि.	१-१०	४५०	१४३	३१.७७	१४	१०
जम्मा				२३९३		२१८	११

- ·विवरणअनुसार सवै समुदायिक विद्यालयमा तोकिए वरावर विद्यार्थी संख्यामा कम्तिमा शत प्रतिशत हुनुपर्नेमा न्युनतम ४ प्रतिशत देखी अधिकतम ७५.५५ प्रतिशत विद्यार्थी भएको देखिएकोले कुनै विद्यालयमा पनि नियमावलीले तोके वमोजिम विद्यार्थी देखिएन । भौगोलिक अवस्था, जनसंख्या तथा विद्यार्थी संख्याको आधारमा अध्ययन गरी आवश्यकता अनुसार विद्यालय गाभ्ने, खारेज गर्ने नयाँ थप गरी बिद्यालय समायोजन गर्नुपर्नेमा हालसम्म व्यवस्थापन गर्न सकेको देखिएन । सामुदायिक विद्यालय समायोजन गरेको नदेखिएकोले निर्धारित मापदण्ड वमोजिम विद्यालय समायोजन गरी गुणस्तरीय शिक्षाको ब्यबस्थापन गरिनु पर्दछ ।
- नियमावली अनुसार समुदायिक विद्यालयमा औषतमा शिक्षक-विद्यार्थी अनुपात ४५ हुनुपर्नेमा विवरण अनुसार न्युनतम ३ देखी अधिकतम २५सम्मको अनुपात भएको देखिएकोले कुनै विद्यालयमा पनि नियमावलोले तोके वमोजिम शिक्षक/विद्यार्थी देखिएन । सार्वजनिक खर्चमा मितब्यीता कायम गर्न भौगोलिक अवस्था, जनसंख्या तथा विद्यार्थी संख्याको आधारमा अध्ययन गरी आवश्यकता अनुसार शिक्षक दरवन्दी मिलान गर्ने,अनावश्यक दरवन्दी खारेज गर्ने गरी शिक्षक दरवन्दीको ब्यबस्थापन गरिनुपर्नेमा पालिकामा शिक्षक दरवन्दी मिलान भएको देखिएन । शिक्षा नियमावलीको ब्यबस्था वमोजिम शिक्षक-विद्यार्थी अनुपात कायम हुनेगरी शिक्षक व्यवस्थापन गर्नुपर्दछ।

१२ **पुँजीगत खर्चको अवस्था**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ९ अनुसार सार्वजनिक निकायले कुनै खरिद गर्नुपर्दा भएसम्म खुल्ला रूपमा बोलपत्र माग गरी खरिद गर्नुपर्नेमा यो वर्षपुजिगतशिर्षकबाट रु १३६७८७५३६।०० खर्च गरेकोमा रु ४६९१७०४०.४१ अर्थात् ३४.३० प्रतिशत मात्र बोलपत्रबाट खरिद गरेको छ। कुल खरिद मध्ये सोझै रु.६९२३६० र उपभोक्ता समितिबाट रु ७६४९४४७७७।३० को खरिद गरेको विवरण पेश गरेको छ। सोझै, तथा उपभोक्ता समितिबाट खरिद गर्दा प्रतिस्पर्धा नहुने हुँदा सार्वजनिक खरिदलाई प्रतिस्पर्धी एवं मितव्ययी हुने गरी खरिद गर्ने व्यवस्था मिलाउनु पर्दछ।

१३ **उपभोक्ताको कार्य निर्माण व्यवसायीबाट**

कार्य-सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ (१०) मा उपभोक्ता समितिले पाएको कार्य गर्दा निर्माण व्यवसायी वा सव कन्ट्याक्टबाट गराउन नसकिने व्यवस्था छ ।पालिकाले यो बर्ष मोटरबाटो मर्मतको लागी उपभोक्ता समितिहरु मार्फत कार्य गराउने गरी सम्झौता गरेकोमा देहायका उपभोक्ता समितिहरुले आफुले गर्नुपर्ने कार्यहरु निर्माण व्यवसायसायीबाट गराएको बिल बीजक पेस गरी भुक्तानी लिएको छ । उपभोक्ता समितिले नियममा भएको व्यवस्था वमोजिम आफुले सम्पन्न गर्ने गरी सम्झौता भएका कार्य निर्माण व्यवसायिवाट गरेकोले नियमावली तथा सम्झौता विपरितको कार्य नियमित नदेखिएको रु

ब.उ .शि.नं.	गोभौनं./मिति	भुक्तानी लिने उपभोक्ता समितिको नाम	कामको विवरण	बजेट खर्च रकम	कार्य गर्ने निर्माण ब्यबसायीको नाम	निर्माण ब्यबसायीको बिल रकम
पालिका पुजिगत	१३।२०८१।९।३	वडा नं ३ मोटरबाटो सरसफाइ उ स	वाटो मर्मत	९०६९१२।००	सेतिदेवी मन्जरी कन्स्टक्सन प्रा लि	१००६९४०।००
	२३।२०८१।९।१२	वडा नं २ मोटरबाटो मर्मत उ स	वाटो मर्मत	८६४०००।००	ओम साइराम कन्सट्क्सन	९६३१३२।००
	६०।२०८१।१०।२८	वडा नं ५ मोटरबाटो मर्मत उ स	वाटो मर्मत	९७९२००।००	जय बरुण कन्स्ट्रकसन	७१३०३०।००
					भट्ट निर्माण सेवा	४८५९००।००
	३०।२०८१।९।२४	वडा नं १ मोटरबाटो सरसफाइ उ स	वाटो मर्मत	३८४०००।००	सुपर पावर कन्ट्रक्सन	३१७८१२।००
	७२।२०८१।११।९	वडा नं ४ मोटरबाटो मर्मत उ स	वाटो मर्मत	११७२०००।००	वारियर विल्डर्स प्रा लि	१२७१२५०।००
					अनियमित भएको	४३,०६,११२

१४ उपभोक्ता समितीवाट सरकारी भवन निर्माण

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ (१) र (९) अनुसार सेवा उपभोग गर्ने समुदायवाट हेभी मेशिन, उपकरणहरुको आवश्यक नपर्ने, श्रममूलक कार्य उपभोक्ता समितिलाई दिएर कार्य सकिने व्यवस्था रहेको छ । पालिकाले आर.सि.सी. फ्रेम स्ट्रक्चर सहितका वडा कार्यालय भवन निर्माण समितिहरु मार्फत गराएको छ । पालिकाले वार्षिक कार्यक्रममा रहेपनि जग्गा प्राप्ति आर्थिक बर्षको अन्ततरिर (मिति २०८२।२।२ मा प्राप्त जग्गाधनि पुर्जा अनुसार) भएको कारण वाट सो बर्ष सो कार्य ठेक्कावाट नभ्याउने हुदा उपभोक्ता समितिवाट कार्य गराएको भनाइ रहेकोमा उल्लेखित सरकारी भवन निर्माण सम्बन्धी कार्य अनुभवी व्यवसायीबाट प्रतिस्पर्धा गराई कार्य गर्नु पर्ने हुने हुँदा यस्तो कार्यमा नियन्त्रण गरिनुपर्दछ ।

गोभौनं./मिति	**उपभोक्ता समितिको नाम**	**कामको विवरण**	कार्य स्विकार रकम	**भुक्तानी रकम**
२८८।२०८२।३।२४	वडा नं १ कार्यालय भवन निर्माण उपभोक्ता समिति	वडा नं १ कार्यालय भवन निर्माण	२४३२९७३।६५	२२०३०००।००
२८९।२०८२।३।२४	वडा नं ५ कार्यालय भवन निर्माण उपभोक्ता समिति	वडा नं ५ कार्यालय भवन निर्माण	२२६५९८६।०४	२०५०१९२।००
जम्मा				४२५३१९२।००

१५ वितरणमुखी खर्च

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा स्थानीय तहले उपयोगिता सिर्जना हुने गरी अधिकतम प्रतिफल दिने कार्यक्रम छनौट गरी कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । पालिकाले देहाय वमोजिम पाइपहरु खरिद गरी वितरण गरेको छ। कार्यविधि वेगर वितरणमुखी कार्यक्रममा खर्च गर्दा सोबाट पालिकालाई प्रतिफल प्राप्त हुने देखिदैन। तसर्थ यस्तो खर्च वास्तविकता र आवश्यकतामा आधारित पारदर्शी तवरले गरिनुपर्दछ। वितरणमुखी खर्चलाई नियन्त्रण गर्नुपदर्छ। साथै सम्वन्धित वितरण भरपाइमा लाभग्राहीको परिचय पत्र नम्वर तथा सम्पर्क नम्वर खुल्ने कागजात राखिनुपर्दछ ।

गो भौ नं/मिति	आपुर्तकर्ता	विवरण	खर्च रकम
६।२०८१।७।७	हिसी पोलिथिन एण्ड पल्लाष्टिक	विभिन्नसाइजका ३५५० मिटर पोलिथिन पाइप खरिद गरी वितरण	९४३२११।००
१०।२०८१।८।१८	नेप सायर प्रा लि	विभिन्नसाइजका १७९०० मिटर पोलिथिन पाइप खरिद गरी वितरण	९४४५२१।००

१६ संघिय निकायको खर्च व्यहोरेको

संधिय इकाई मातहत कार्यालयलाई अन्तर सरकारी वित्तिय हस्तान्तरण ऐन २०७४ ले उल्लेख भए विपरित अर्थ मन्त्रालय र संम्वन्धित मन्त्रालयको स्विकृति नलिइ पालिकामा रहेका संघ अन्तरगत रहेका निम्न कार्यालयको खर्च व्यहोरेको वित्तिय हस्तान्तरको मर्म विपरित देखिएकोले अनियमित देखिएको रु

गो भौ मिति	निकायको नाम	सोधभर्ना लिनेको नाम	शिर्षक	रकम
५१०।०८२।३।१६	ईलाका प्रहरी कार्यालय खरानीटार	ए एन ए टेक्नोलोजी	मेशिनऔजार	१४४८०४
५६५।०८२।३।१९	ईलाका प्रहरी कार्यालय पंचकन्या		निर्माण	९९७११
			अनियमित भएको	२,४४,५१५

१७ **अनुदानको अनुगमन**

कृषि तथा पशुपंछी विकास मन्त्रालय द्वारा जारी कृषक समुह सहकारी तथा कृषि उद्धमीहरुका लागी अनुदान व्यवस्थापन कार्यविधि २०८१ परिच्छेद ४ अनुगमन मुल्यांकन दफा १७(१) अनुसार संचालन गरीएका कार्यक्रम हरुको अनुगमन तथा मुल्यांकनको जिम्मेवारी सम्झौता गर्ने निकायको हुने व्यवस्था छ ।पालिकाले कृषि, पशु, लघु उद्दम विकासमा सचेतना तथा शिप विकास तालिम तर्फ तरकारी खेति जस्ता विषयमा तालिम दिई सिंचाईको लागी पलाष्टिक पोखरी २४ जनालाई २३ वटा, पानी तान्ने पम्प २४ वटा , प्राङ्गारिक मल ९८ जनालाई ७५७० केजी , मलखाद १२ जनालाई १४२७५ केजी, खाल्टो खन्ने मेशिन १ थान, काटछाट गर्ने कैचि १७ वटा, गोठे मल ४ जनालाई ३०००० केजी, स्प्रेयर मेशिन १४ थान, कागतको वेर्ना ९५९ जनालाई १२३२५ वटा (विभिन्न सहकारी तथा किसानलाई) वितरण गरेको छ ।खाद्यान्न वालि तर्फ गहुको विउ ४ सहाकारीलाई ४५०० केजी, मकैको विउ १ व्यक्ती तथा ४ सहकारीलाई १४१८ केजी, वितरण भएकोमा गहुको जर्मिनेशन क्षमताको वाहेक अन्य अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमान तथा सो बाट प्राप्त उपलब्धी मापन गरेको छैन ।विगत वर्ष देखिनै प्रदान गरिदै आएका यस्ता अनुदानका सम्बन्धमा स्थानीय अनुदान नीति तय गरेको छैन। स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीवनस्तरमा सुधार आएको यकिन गरि रकमको पूर्ण सदुपयोग गराउने तर्फ ध्यान दिनुपर्दछ ।

१८ **उपभोक्ता समिति गठन नगरेको**

सार्वजनिक खरिद नियमावलीको नियम ९७ अनुसार उपभोक्ता समित वाट निर्माण वा सेवा सोहि स्थानमा वसोवास गर्ने वासिन्दा वा समुदायमात्र रहेको उपभोक्ता समितवाट गराउन सकिने व्यवस्था छ । विद्यालयलाई विनियोजित निम्न कार्यको लागी योजना संचालन गर्दा उपभोक्ता समिति गठन नगरी विद्यालय व्यवस्थापन समिति सँग योजना सम्झौता गरी कार्य गरेको छ।

गो भौ मिति	विद्यालयको नाम	योजनाको नाम	खर्च रकम
४५७।३।६	नारुन देवी आ वि	किचेन निर्माण	७६७६०
४९४।३।१२	कमर देवी आ वि		९६०००
५१२।३।१६	आपचौर आ वि	पानी तान्ने पम्प जडान	२४०००
५५४।३।१९	वच्छला मा वि	फर्निचर मेशिनऔजार खरिद	१९२०००
५५८।३।१९	ईन्द्रायणी मा वि	पिटमस खरिद	७५०००
५६०।३।१९	सप्तकन्या मा वि	मन्दिर र गेट	१९२०००
५८२।३।२१	कालिका मा वि	शैक्षिक समाग्री ड्रेस र ल्याव समाग्री	५००००
५८३।३।२१	वनदेवी आ वि	ल्यापटप खरिद	४८०००
		जम्मा	७५३७६०

१९

पाम्समा अभिलेख नराखेको आर्थिक कार्यविध तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९५(१) मा खरिद गरी वा नगरी जुनसुकै माध्यमबाट प्राप्त भएको जिन्सी मालसामानको विवरण र मुल्य खुलाइ सम्पत्ति तथा जिन्सी किताबमा सात दिनभित्र आम्दानी बाँधी लगत अद्यावधिक गराउनु कार्यालय प्रमुखको कार्य हुने उल्लेख छ । यथासिघ्र जिन्सी मालसामानहरु लिलाम विक्रि/ मर्मत गर्नुपर्ने भए सो गरी मूल्य नखुलेका मालसामानहरुको यथासिघ्र मूल्य खुलाई जिन्सी सामानहरु PAMS(Public Assets Management System) मा अध्यावधिक गरी जिन्सी सामानहरुको संरक्षण गर्नुपर्ने व्यवस्था रहेको छ ।यस पालिका अन्तर्गतका विभिन्न वडा समितिले खरिद गरेका जिन्सि समानाको संरक्षणकोलागी खप्ने वा नखप्ने किसिमका समान PAMS मा अभिलेख राखेको पाईएन ।खरिदका गरेका सामाग्री आफैले प्रयोग गर्दा होस वा अन्यत्र हस्तान्तर गर्दा होस सर्व प्रथम कम्प्यूटरमा आधारित अभिलेख राखी उपयोग गरेमा प्राप्त सम्पत्ति थप हुने र घटेको सम्पत्ति लगत कट्टा हुने भएकोले जिन्सि समाग्रीको यथार्थ अवस्था यकिन गर्न सकिने हुन्छ ।पालिकाका विभिन्न अनुदान अन्तरगर भएको खर्च मध्ये खरिद भएका निम्न वमोजिमका सामाग्री पाम्समा अभिलेख गरेको पाईएन । नियमानुसार जिन्सि मालसामानको PAMS मा अभिलेख राख्ने गर्नु पर्दछ ।

गो भौ मिति	वडा न	आपूर्ति कर्ता	मुख्य सामाग्री	रकम	
४६५।३।५	४	कालिका जनरल सप्लायर्स	कार्यालय सामान	३७४५०	गापा चालु
५२४।३।१७	५	ए के वुक्स	कार्यालय सामान	१०८००	गापा चालु
५२४।३।१७	५	कालिका जनरल सप्लायर्स	कार्यालय सामान	१२०००	गापा चालु
५६६।३।१९	१	कालिका जनरल सप्लायर्स	कार्यालय सामान	१३८१५	गापा चालु
५६६।३।१९	१	सेतिदेवी भाडा एवं पालाष्टिक सप्लायर्स	कार्यालय सामान	३३५९०	गापा चालु
५६६।३।१९	१	त्रिमुर्ति फर्निचर	कार्पेट	१५७५०	गापा चालु
५७५।३।२०	४	कालिका जनरल सप्लायर्स	कार्यालय सामान	२३८००	गापा चालु
			जम्मा	१०९७५५	

२० **दिवा खाजाको गुणस्तर मापन**

कार्यक्रम कार्यान्वियन पुस्तिका २०८१ को क्रियाकलाप २.७.११।१ खण्ड(ज) मा दिवाको गुणस्तर सम्वन्धी र खण्ड (झ) मा स्थानीय तहले गर्नुपर्ने अनुगमन सम्वन्धमा व्यवस्था गरेको छ ।पालिकाले खाजाको गुणस्तर सम्वन्धमा प्रतिवेदन तयार परेको पाईएन । खाजामा उपयोग हुने खाद्य समाग्री गुण स्तर तथा मात्रा र पोषण तत्वका सम्बन्धमा अनुगमन गरी दिवा खाजाको गुणस्तर मापन गरी अनुगमन मूल्याङ्कनको प्रतिवेदन तयार गरी दिवा खाजा रकम निकासा गर्नुपर्दछ ।

२१ **विद्यालयगत निकाशा खाता**

कार्यक्रम कार्यान्वियन पुस्तिका २०८१ को क्रियाकलाप २.७.१३.१० मा विद्यालय संचालन तथा व्यवस्थापन अनुदान सम्वन्धमा विभिन्न उप क्रियाकलाप तथा कार्यान्वियन प्रकृयामा उल्लेख भए अनुसारको अनुदान उपलव्ध गराउदा विद्यालयगत निकाशाखाता राखि अभिलेख व्यवस्थित गर्नु पर्दछ ।पालिकाले कुन विद्यालयलाई कुन विषयको कति निकासा दिएको हो विद्यालयगत रुपमा निकासाको अभिलेख खाता राखेको देखिएन । यसबाट विद्यालयलाई दोहोरो निकासा हुने जोखिम रहन्छ । अतः विद्यालयगत निकासा खाता राखी दोहोरो निकासाको जोखिम नियन्त्रण गरिनु पर्दछ ।

२२ **सेनिटरी प्याडको खरिद**

कार्यक्रम कार्यान्वियन पुस्तिका (आ.व.२०८१।०८२) को क्रियाकलाप नं. २.७.१३.२३ सामुदायिक विद्यालयका ६-१२ सम्म अध्ययनरत छात्राहरुको तथ्याङ्क एकिन गरी १० महिनाकालागी निशुल्क प्याड उपलव्ध गराउन सेनिटरी प्याड खरिद गर्नुपर्ने व्यवस्था छ ।पालिकाले यस वर्ष सेनिटरी प्याड खरिद गरेको छैन ।

२३ **ईमिसको सत्यापन तथा अभिलेख**

कार्यक्रम कार्यान्वयन पुस्तिका (आ.व.२०८१।०८२) को क्रियाकलाप नं. २.७.११.१ मा स्थानीय तहले विद्यार्थीका लागि दिवा खाजा कार्यक्रम कार्यान्वयन गर्दा, प्रति विद्यार्थी लागत अनुदान अन्तरगत वुक कर्नर संचालनका लागि अनुदान निकाशा गर्दा , प्रति विद्यार्थी ४०० का दरले दलित छात्र छात्रवृति तथा छात्रा छत्रवृत्ति निकासा गर्नुपर्दा, पुस्तक खरिदमा अनुदान निकाशा गर्दा इमिसमा अध्यावधिक तथ्याङ्गलाई सत्यापन गरि दिनुपर्ने व्यवस्था छ ।पालिकाको शिक्षा शाखाले यस वर्ष ईमिस तथ्याङ्कलाई सत्यापन गरी अभिलेख राखेको पाईएन ।

२४ **शैक्षिक गुण स्तरको मापन**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ (ज) अनुसार सम्बन्धित स्थानीय निकायले सामुदायीक विद्यालयहरुको शैक्षिक गुणस्तर स्थितीको नियमित अनुगमन गरी एक प्रति प्रतिबेदन शिक्षा तथा मानवस्रोत केन्द्रमा पठाउने र सोको कार्यान्वयन गरी विद्यालयमा शैक्षिक गुणस्तर सुधार गर्ने ब्यवस्था छ ।पालिकाले आ. व. २०८१।८२ मा विद्यालयहरुको शैक्षिक गुणस्तरको अनुगमन गरेको प्रतिबेदन कार्यालयसंग देखिएन ।पालिकाले आफ्नो अन्तर्गतका विद्यालयहरुको शैक्षिक गुणस्तर सुधारतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

२५ **औषधि खरिद**

पालिकले यस वर्ष २ पटकको ठेक्का प्रकृयावाट ३ पटकको खरिदमा रु १६७७८२५ को औषधि खरिद गरेको छ ।यस वाहेक पिएनसि होम भिजिट व्याग, न्यानो झोला, स्वास्थ्य संस्थालाइ किट, शिविर संचालनको लागी औषधि, ल्याव सामाग्री समेत खरिद भएका छन्। औषधिको खरिद सम्वन्धमा नेपाल सरकारको औषधि व्यवस्था विभागवाट स्विकृत तथा डव्लु.एच.ओ. मान्यता प्राप्त र औषधिको उत्पादन मिति, ब्याच नं र म्याद समाप्त मिति उल्लेख गरी मुचुल्का उठाई राख्ने गरेको पाईएन तथा उक्त औषधि बिक्रीको लागी होइन खुलाएको प्रमाण समावेश नभएको, आपूर्ति भएका सर्जिकल समान स्टोर दाखिला हुनुअघि स्पेशीफिकेशन अनुसार भए/नभएको नखुलाएको कारण औषधिको गुणस्तर सम्बन्धमा यकिन गर्न सकिएन ।औषधिको खरिद, आपूर्ती, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकीएको गुणस्त अनुसारकै औषधि प्राप्त भएको नभएको एकीन गरी खरिद गर्ने तथा खरिद गरिएको औषधिको विवरण खुल्ने गरी अभिलेख राख्ने साथै आर्थिक वर्षको अन्त्यमा बांकी रहेको औषधिहरु जिम्मेवारी जिन्सी अभिलेख व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ।

२६ **एम्वुलेन्स संचालन तथा व्यवस्थापन**

२६.१ यस गाँउपालीका क्षेत्र (स्थानीय तहको समेत) स्वास्थ्य समस्या भएका नागरिकलाहरुलाई उचित उपचारका लागी नजिकका अस्पताल वा स्वास्थ्य संस्था सम्म पुर्याउने तथा विरामीको गम्भिरता हेरी काठमाण्डौं वा सो वाहिर समेत पुर्याई उपचारको व्यवस्था मिलाउने र यसको विश्वसनियता साथै प्रभावकारीतामा वृद्धी गरी दिगो र भरपरर्दो मानविय स्वास्थ्य सेवा सञ्चालन गर्ने उद्धेश्यले एम्वुलेन्स सेवा सञ्चालन गरेकोमा आर्थिक वर्ष २०८१।०८२ मा रु ६१९२२० आम्दानी भएकोमा देहायवमोजिम रु १३३१६०१ खर्च भएको छ । आम्दानी खर्चको अनुपात ०.४७:१ रहेको छ ।

खर्च शिर्षक	खर्च रु
चालक तलव तथा सुविधा	८५३९१२
इन्धन	३४३०५६
अक्सिजन	३९५०
मर्मत	१३०६८३
जम्मा	१३३१६०१

२६.२ एम्वुलेन्स सञ्चालन तथा व्यवस्थापन कार्यविधि २०७९ को वुँदा ८ मा एम्वुलेन्स चालकको तलब भत्ता तथा अन्य सुविधा एम्बुलेन्स सञ्चालन कोष वाट व्यहोरिने व्यवस्था रहेको छ । पालिकाले एम्वुलेन्स संञ्चालन तथा व्यवस्थापन कोषको स्थापना गरेको अवस्थामा

समेत चालकको तलव भत्ता सोही कोष वाट व्यहोर्नुपर्नेमा पालिका चालु खर्च वाट चालकको तलव वापत रु ७१७९१२ खर्च व्यहोरेको छ । पालिकाले कार्यविधिले उल्लेख गरे वमोजिम कोष वाट नै तलव भत्ता भुक्तानी गर्नुपर्दछ ।

२७ विपन्न लक्षित छात्रवृत्ती कार्यक्रम

शिक्षा मानव स्रोत विकास केन्द्रको प.स २०८१।०८२ च.नं १९८ मिति २०८२।३।१८ वाट तोकिएको विद्यार्थीको खातामामा तोकिएबमोजिमको छात्रवृत्तीको रकम हस्तान्तरण गर्न अख्तियारी दिएकोमा पालिकाले सम्वन्धित विद्यालयको खातामा रकम निकाशा दिएको छ । पालिकाले विपन्न लक्षित छात्रवृत्तीको लागी निम्न विद्यालयमा रु ९४२००० निकाशा भएकोमा कुनै विद्यालयले विद्यार्थीको खाता निकाशा गरेको प्रमाण पेश गरेको छ भने कतिपय विद्यालयले विद्यार्थीलाई भर्पाई गराई नगद उपलब्ध गराएको प्रमाण पेश गराएको छ । पालिकाले अख्तियारिले उल्लेख गरे वमोजिमको सम्वन्धित विद्यार्थीको खातामानै रकम निकाशा दिनुपर्दछ ।

क्र स	विद्यालय	विद्यार्थी संख्या	निकाशा रकम रु	कैफियत
१	बच्छला मा वि	१	६०००	नगद वितरण गरेको
२	भेडाबारी मा वि	४	२४०००	नगद वितरण गरेको
३	देवकी धरम आ वि	६	३६०००	नगद वितरण गरेको
४	गम्बो डाडा आ वि	२	१२०००	नगद वितरण गरेको
५	इन्द्रयाणी मा वि	३५	२१००००	इफटी खातामा निकाशा
६	कालिका मा वि	३	१८०००	इफटी खातामा निकाशा
७	कुण्डला मा वि	७	४२०००	इफटी खातामा निकाशा
८	मंगलादेवी मा वि	२४	१४४०००	नगद वितरण गरेको
९	नवसञ्चिवनी मा वि	४	२४०००	इफटी खातामा निकाशा
१०	पञ्चकन्या मा वि	१९	११४०००	नगद वितरण गरेको
११	राष्ट्रिय मा वि	४६	२७६०००	नगद वितरण गरेको
१२	सप्तकन्या आ वि	६	३६०००	नगद वितरण गरेको
जम्मा		१५७	९४२०००	

२८ राजस्व व्यवस्थापन

२८.१ **राजश्व असूली-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर लगायत शिर्षकमा देहाय वमोजिम तुलना गर्दा राजश्व घट्दो क्रममा रहेको छ । आर्थिक वर्ष २०८०।०८१ को तुलनामा आर्थिक वर्ष २०८१।०८२ मा ८०.५८ प्रतिशत मात्र संकलन भइ आय घटेको देखिएकोले आय घट्नुको कारण खुलाएको पाइएन । पालिकाले आय आर्जनको श्रोत वृद्धी गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

सि.नं.	राजश्वको नाम	२०८०।८१ को असूली	२०८१।८२ को असूली	वढि/घटि
१	आन्तरिक आय	८९२३०४९	७१९०५४३	१७१२५०६

२८.२ **राजश्व दाखिला-** आर्थिक कर्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन २०७६को २८ मा जिम्मेवार व्यक्तिले आफ्नो जिम्मामा आएको सरकारी नगदीको हकमा सोही दिन वा त्यसको भोलिपल्ट सम्म बैङ्क दाखिला गर्नुपर्ने ब्यवस्था छ।तोकिएको समय भन्दा १० दिन ढीलो

गरी दाखिला गरेमा दाखिला गर्न बाकी रकम र सो रकमको १०प्रतिशतले जरिवाना र सो भन्दा पनि ढिला गरेको भएमा १०प्रतिशत जरिवाना र कसुरको मात्रा अनुसार प्रचलित कानुन अनुसार विभागिय कारवाही समेत गर्न गराउन सक्ने ब्यवस्था छ।तर गाउँपालिकाले नगदी रसिद बाट उठेको राजश्व समयमा दाखिला गरेको नदेखिएको समयमै दाखिला गर्ने तर्फ ध्यान दिनु पर्छ।साथै ऐनमा भएको ब्यवस्था अनुसार तोकिएको अबधि भित्र दाखिला नगर्ने कर्मचारी जिम्मेवार वनाइनु पर्दछ।

२८.३ **ढुङ्गा गिट्टी बालुवा उत्खनन् र बिक्रि-** ढुङ्गा गिटी बालुवा उत्खनन् र विक्रि तथा ब्यवस्थापन कार्यविधि २०७७को बुदा ३ र ४ मा वातावरणीय अध्ययन प्रतिबेदनले तोकेको स्थान,जिल्ला विपत व्यवस्थापन समितिले तोकेको क्षेत्र ,निजि जग्गाबाट अनुमति प्रदान गरीएको क्षेत्र क्रसर उधोग सञ्चालन र निर्माण सामाग्रिको आपुर्तिको लागि तोकेको क्षेत्रमा उत्खनन् तथा संकलन कार्ययोजना तयार गरी स्विकृत वातावरणीय अध्यायन प्रतिवेदन वमोजिम सभाबाट स्विकृत दरमा उत्खनन् र संकलनको अनुमति र विक्रिको लाई ठेक्का मिलाउने ब्यवस्था छ।तर पालिकाले कार्यविधिमा ठेक्का मिलाउने ब्यवस्था भएता पनि आ ब २०८१।०८२ मा नगदी रसिद बाट उठाएको पाइयो कार्यविधिले तोके वमोजिम ठेक्का मार्फत गर्नु पर्दछ।

२८.४ **सामुदायिक वनको आय** –स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६२ (ख) बमोजिम सामुदायिक वन उपभोक्ता समितिले वन पैदावार विक्री तथा उपयोग सम्बन्धमा वार्षिक कार्ययोजना बनाई पालिकाबाट स्वीकृत गराउनु पर्ने र वार्षिक कार्ययोजना बमोजिमको वन पैदावारको विक्री वापतको प्राप्त हुने रकमको दश प्रतिशत सम्बन्धित गाउँपालिकाको संचित कोषमा जम्मा गर्नुपर्ने व्यवस्था छ । सो अनुसार रकम दाखिला गरेको देखिएन।

२९ **सामाजिक सुरक्षा**

२९.१ सामाजिक सुरक्षा तर्फ- सामाजिक सुरक्षा ऐन २०७५बमोजिम जेष्ठ नागरिक ,आर्थिक रुपले बिपन्न ,अशक्त तथा असहाय अबस्थामा रहेका ब्यक्ती , असहाय एकल महिला ,अपाङ्गता भएका ,बालबालिका ,आफ्नो हेरचाहा आफै गर्न नसक्ने लोपोन्मुख जातीलाइ सामाजिक सुरक्षा भता पाउने अधिकार हुने ब्यबस्था अन्तर्गत यस पालिकाले सामाजिक सुरक्षा भत्ता बितरण कार्यविधि २०७७ वमोजिम सामाजिक सुरक्षा भत्ता पाउने लाभग्राहीको नाम दर्ता र नवीकरण ,लगतकट्टा तोकिएको मिति भित्रै परिचय पत्र अनिवार्य रुपमा नवीकरण गरि प्रथम ,द्बितिय ,तृतिय चौथो किस्ता गरि जम्मा रु ९४१५०२४०।४५ बैकिङ प्रणाली मार्फत वितरण गरेको देखिएको छ । यस सम्बन्धमा देखिएको व्यहोरा निम्न छ ।

२९.२ **अनुगमन तथा निरीक्षण_** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा २७ बमोजिम मन्त्रालय, बिभाग, प्रदेश मन्त्रालय तथा पालिकाका प्रमुख वा प्रमुख प्रशासकीय अधिकृतले भत्ता वितरण कार्य प्रकृयाको सुचक समेत वनाई निरीक्षण तथा अनुगमन गर्नुपर्ने ब्यबस्था छ।सो बमोजिम पालिकाले कसैले दोहोरो हुनेगरी र सरकारी सुविधा लिने ब्यक्तिले सामाजिक सुरक्षा भत्ता लिए नलिएको र मृत्यु भएको ब्यक्तीको विवरण सम्बन्धमा अनुगमन गरी प्रतिबेदन गर्नुपर्दछ।

अनुसूचीहरू

अनुसूची - १

आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८१/८२

कार्यालय र स्थान : पञ्चकन्या गाउँपालिका, नुवाकोट , पन्चकन्या गाउँपालिका , नुवाकोट

पद	नाम	कार्यकाल सुरु मिति	कार्यकाल समाप्त मिति
कार्यालय प्रमुख	हिराधन राई	२०८२-०२-२९	हाल सम्म कार्यरत
लेखा प्रमुख	मनिला चाम्लिङ्ग	२०८०-६-२१	हाल सम्म कार्यरत

बेरुजु वर्गीकरण:

असूल गर्नुपर्ने	अनियमित भएको	प्रमाणका कागजात पेश नभएको	जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा पेश्की
०	४,५५०,६२७	०	०	०	०
				प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.	४,५५०,६२७
				प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.	०
				संपरीक्षणबाट थप भएको बेरुजू रु.	०
				लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.	४,५५०,६२७

स्थानीय तह :

गत बर्षको जिम्मेवारी		३८९२००६४.७७	
आम्दानी		खर्च	
संघीय सरकारबाट अनुदान	२७९६७३४०९	चालु खर्च	२३९६९३८२९.३२
प्रदेश सरकारबाट अनुदान	५३०८७०००	पूँजीगत खर्च	१३६७८७५३६
राजश्व बाँडफाँट	७१९४२८३३.७	वित्तीय/अन्य व्यवस्था	१५०५५९९५२.११
आन्तरिक आय	१२६०६२०८.४५		
अन्य आय	११५४७२१७८.४७		
कुल आय	५३२७८१६२९.६२	कुल खर्च	५२७०४१३१७.४३
बाँकी मौज्दात		४४६६०३७६.९६	

अनुसूची - २

बेरूजु दफा २.१ सँग सम्बन्धित विवरण - अनुसूची - ३

पञ्चकन्यागाउँपालिका,

वित्तिय प्रतिवदेन

२०८१।८२

क्र.स./ आर्थिक सङ्केत	विवरण	टिप्पणी नं	चालु आ.ब.को कारोबार			गतआ.ब. को कारोबार		
			नगद	तेस्रोपक्ष भुक्तानी (सोझै भुक्तानी)	जम्मा	नगद	तेस्रोपक्ष भुक्तानी (सोझै भुक्तानी)	जम्मा
	राजस्व, अनुदान र अन्य प्राप्ति							
११०००	कर		७,६९,१०,७२५.२१	०	७,६९,१०,७२५.२१	६,७०,७१,१०७.८८	०	६,७०,७१,१०७.८८
१३०००	अनुदान		२९,६२,०४,५९१.०३	०	२९,६२,०४,५९१.०३	२९,३९,८५,१२४.९६	०	२९,३९,८५,१२४.९६
१४०००	अन्यराजस्व		७६,०६,८७१.९४	०	७६,०६,८७१.९४	१,१०,८१,९५०.९७	०	१,१०,८१,९५०.९७
१५०००	विविधप्राप्ति		१६,३८९.००	०	१६,३८९.००	५,१००.००	०	५,१००.००
क	**कुलजम्मा प्राप्ति**		३८,०७,३८,५७७.१८		३८,०७,३८,५७७.१८	३७,२१,४३,२८३.८१		३७,२१,४३,२८३.८१
३	चालु		२३,९६,९३,८२९.३२	०	२३,९६,९३,८२९.३२	२२,९२,५६,५२२.००	०	२२,९२,५६,५२२.००
२१०००	पारिश्रमिक / सुविधा		१४,७१,७५,९९९.३५	०	१४,७१,७५,९९९.३५	११,५५,७९,३३१.६६	०	११,५५,७९,३३१.६६
२२०००	मालसामानतथा सेवाको उपयोग		६,९८,३७,४६०.७८	०	६,९८,३७,४६०.७८	१०,४०,२८,९४८.१४	०	१०,४०,२८,९४८.१४
२५०००	सहायता (Subsidy)		१,७५,९३,६४०.१९	०	१,७५,९३,६४०.१९	८,४८,०००.००	०	८,४८,०००.००
२६०००	अनुदान		०	०	०	६२,४०,४७५.२०	०	६२,४०,४७५.२०
२७०००	सामाजिकसुरक्षा		२८,६५,७९५.००	०	२८,६५,७९५.००	१४,४१,५४७.००	०	१४,४१,५४७.००
२८०००	अन्यखर्च		२२,२०,९३४.००	०	२२,२०,९३४.००	११,१८,२२०.००	०	११,१८,२२०.००
४	पूंजीगत		१३,६७,८७,५३६.००	०	१३,६७,८७,५३६.००	१३,९४,८५,६१७.००	०	१३,९४,८५,६१७.००
३१११०	भवनतथा संरचना		४४,८८,२९२.००	०	४४,८८,२९२.००	८३,७५,७१२.००	०	८३,७५,७१२.००
३११२०	सवारीसाधन, मेशिनरी औजार, फर्निचर्स तथा फिक्चर्स		१३,१७,५६९.००	०	१३,१७,५६९.००	२०,४४,९८९.००	०	२०,४४,९८९.००
३११३०	अन्यपूँजीगत खर्च		०	०	०	१९,४६,३५५.००	०	१९,४६,३५५.००
३११५०	सार्वजनिकनिर्माण		१३,०९,८१,६७५.००	०	१३,०९,८१,६७५.००	१२,६७,४५,१६९.००	०	१२,६७,४५,१६९.००
३११६०	निर्मितसरचनाकोसुधार खर्च		०	०	०	३,७३,३९२.००	०	३,७३,३९२.००

ख)	**कुलजम्मा भुक्तानी**		३७,६४,८१,३६५.३२		३७,६४,८१,३६५.३२	३६,८७,४२,१३९.००		३६,८७,४२,१३९.००
ग)	**बचत /कमी (ग = क-ख)**		४२,५७,२११.८६		४२,५७,२११.८६	३४,०१,१४४.८१		३४,०१,१४४.८१
घ)	**धरौटी, आकस्मिक कोष लगायतका अन्य कोषको मौज्दातको थप/घट (+/-)**		१४,६८,०४४.३३		१४,६८,०४४.३३	६५,६७,६१२.२९		६५,६७,६१२.२९
घ.१)	**कट्टीरकम भुक्तानी/ दाखिला गर्न बाकी**							
ङ)	**यसआ.ब.को नगद तथा बैंक मौज्दात (बचत /(कमी)) (ङ = ग+घ)**		५७,२५,२५६.१९		५७,२५,२५६.१९	९९,६८,७५७.१०		९९,६८,७५७.१०
च)	**गतआ.व.को नगद तथा बैंक मौज्दात**		३,८९,३५,१२०.७७		३,८९,३५,१२०.७७	२,८९,५१,३०७.६७		२,८९,५१,३०७.६७
छ)	**विनिमयनाफा/घाटा तथा अन्य समायोजन**							
ज)	**आ.व.अन्तको बाँकी नगद तथा बैंक मौज्दात (ज= ङ+च+छ)**		४,४६,६०,३७६.९६		४,४६,६०,३७६.९६	३,८९,२०,०६४.७७		३,८९,२०,०६४.७७

सुझाव

स्थानीय तहहरूद्वारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस स्थानीय तहले कानुन तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछः

- वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सम्बन्धित मार्गदर्शनमा तोकिएबमोजिम विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गरी समयमै पारित गर्नुपर्दछ।
- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ। कार्ययोजना तयार गरी विगतका आय बक्यौता असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- नेपालको संविधानको धारा ५९ को उपधारा ७ मा सङ्घ, प्रदेश र स्थानीय तहको बजेट घाटा व्यवस्थापन तथा अन्य वित्तीय अनुशासन सम्बन्धी व्यवस्था संघीय कानुन बमोजिम हुने उल्लेख भएकोमा कतिपय प्रदेश र स्थानीय तहले यस सम्बन्धी कानुन निर्माण गर्दा संघीय कानुनसँग सामाञ्जस्यता कायम नगरेकोले यसमा सुधार हुनुपर्दछ ।
- स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन अनुसार मात्र पदाधिकारीलाई तोकिएको सुविधा व्यवस्था गर्नुपर्दछ। निर्वाचित हुने पद बाहेक राज्यकोषबाट तलव सुविधा बेहोर्ने गरी नियुक्त हुने सबै पदमा योग्यता र मापदण्ड तोकिनुपर्दछ ।
- स्थानिय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।
- भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्थासमेतका आधारमा कानुन बमोजिम जनशक्ति व्यवस्थापन गर्नुपर्दछ । पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ।
- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ । अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्न सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ ।
- व्यावसायिक प्रकृतिको संस्थाहरूलाई पुँजीगत अनुदान प्रदान गर्दा लाभग्राहीले प्राप्त गर्ने लाभको सुनिश्चितता हुनुपर्दछ । यस्ता संस्थाहरु विघटन भएमा बाँकी सम्पत्ति लगानीको अनुपातमा फिर्ता हुने सुनिश्चितता हुन पर्दछ। यस्तो निर्माण व्यक्तिगत स्वामित्व रहेको जग्गा वा सम्पत्तिमा गरिनु हुँदैन ।
- एउटै प्रकृतिको काममा समेत लागत अनुमान टुक्र्याई सोझै खरिद गर्ने, पूर्वानुमान गर्न सकिने अवस्थामा पनि लागत अनुमान यथार्थपरक तवरले तयार नगरी भेरिएसनबाट थप कार्य गराउने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ।
- खरिद सम्झौताको निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ। म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ। निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८(५) बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक तथा सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ गर्नुपर्दछ।
- स्थानीय तहले आन्तरिक आयको परिधिभित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।
- आधारभूत तथा माध्यमिक तहका विद्यालयहरूमा प्रचलित नियमले तोकेअनुसार शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक संख्या कायम गरी बढी भएका शिक्षकहरू समायोजन गर्नुपर्दछ।
- एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा रहेका विद्यार्थी संख्याको आधारमा दिवा खाजा, छात्रवृत्ति, पाठ्यपुस्तक र अन्य अनुदान रकम विद्यालयलाई निकासा दिनुपर्दछ ।

- बजेट तर्जुमा पूर्व नै अनुमान गर्न सकिने शीर्षकमा समेत अर्थ विविध वा अबण्डामा बजेट राख्ने र वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने परिपाटी नियन्त्रण गर्नुपर्दछ।
- पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ। स्रोतको सुनिश्चितताबेगरका कार्यक्रम/आयोजनामा आगामी वर्षको लागि दायित्व सिर्जना गरी भुक्तानी बाँकी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।
- कार्यालय तथा अस्पताल भवन, सडक, सिँचाइ, खानेपानी जस्ता आयोजनाहरू कार्यान्वयन गर्दा स्पेसिफिकेशनले तोकेको संख्यामा निर्माण सामग्रीहरूको गुणस्तर परीक्षण गराउनुपर्दछ। साथै रनिङ्ग बिलसाथ गुणस्तर परीक्षण प्रतिवेदन संलग्न गरेर भुक्तानी दिनुपर्दछ।
- जटिल प्रविधि तथा उपकरणको प्रयोग हुने निर्माण कार्य र सामग्री खरिद गर्ने कार्य समेत उपभोक्ता समितिबाट गराएकोले सोमा नियन्त्रण हुनुपर्दछ ।
- कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्नुपर्दछ। नाफामूलक संस्थालाई अनुदान वितरण गर्नु हुँदैन।
- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भए नभएको सुनिश्चित गर्नुपर्दछ।
- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ। अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका बेहोरा जिम्मेवार व्यक्तिले फर्स्यौट गर्नुपर्दछ।
- वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फर्स्यौटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ । लेखा समितिको कार्यसञ्चालन सम्बन्धी कानुन तर्जुमा गरी सो समितिलाई प्रभावकारी बनाई बेरुजु फर्स्यौट कार्यलाई व्यवस्थित बनाउनुपर्दछ।
- सरकारी पेश्की बाँकी रहेकालाई सार्वजनिक पदमा नियुक्ति नगर्ने तथा निर्वाचित हुने पदको हकमा उम्मेदवार हुन वञ्चित गर्ने एवं म्याद नाघेको पेश्कीको विवरण सार्वजनिक निकायले आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र सार्वजनिकीकरण गर्ने कानुनी व्यवस्था हुनुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा असुल गर्नुपर्ने बेरुजु कायम रहेकोमा सो फर्स्यौट नगरुञ्जेल वृत्ति विकासमा रोक्का गर्ने तथा नयाँ नियुक्ति नहुने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- जिन्सी सामग्री, यन्त्र उपकरण तथा औजारहरु आवश्यकता र औचित्यका आधारमा खरिद गरी उपयोगको सुनिश्चितता हुनुपर्दछ । मौज्दातमा रहेका यन्त्र, उपकरण र औजार मर्मत सम्भार गरी उपयोग हुन नसक्ने अवस्था एकीन गरेर मात्र खरिद गर्नुपर्दछ ।
- जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।
- सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ अनुसार कार्यालयको जनशक्तिले गर्न नसक्ने कामको लागि मात्र परामर्श सेवा खरिद गरी परामर्शदाता माथिको निर्भरता कम गर्नु पर्दछ । तयार गरिएका विस्तृत आयोजना प्रतिवेदन लगायतका प्रतिवेदनहरू क्रमिक रुपले कार्यान्वयन गर्नुपर्दछ।
- सरकारी डिजिटल सेवाहरूको गुणस्तर, पहुँच र विश्वसनीयता बढाउन सेवा स्तर सम्झौता तथा गोपनीयता सम्झौता अनिवार्य गर्नुपर्दछ। एकै प्रकारको कामको लागि निकायगतरूपमा अलग - अलग सूचना प्रविधि प्रणाली खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।
- सेवा प्रवाहको प्रभावकारिता लागि नागरिक सचेतना वृद्धि कार्यक्रम गर्नुका साथै नागरिकबाट पृष्ठपोषण प्राप्त गर्ने विधि अवलम्बन गर्नुपर्दछ। समयको उपलव्धता एवं सेवा खरिद गर्ने सामर्थ्य सहितको सेवा प्रवाह तय गरिनुपर्दछ ।
- पालिकामा सञ्चालित आधारभूत अस्पतालको कारोबारको लेखाङ्कन तथा प्रतिवेदन सुत्र प्रणाली बमोजिम गरी पालिकाको वित्तीय विवरणमा खुलासा गर्नुपर्दछ।